जिल्ला प्रशासन कार्यालय, रसुवाद्वारा प्रकाशित

# ई-बुलेटिन E-Bulletin

अर्धवार्षिक (माघ-असार २०७८)




## जिल्ला प्रशासन कार्यालय
## धुन्चे, रसुवा

**बागमती प्रदेश**


फोन नं. : ०१०-५४०१३१, ५४०१३२(प्र.जि.अ.)
०१०-५४००१९ हटलाईन (२४सै घण्टा)

ईमेल : rasuwadao@gmail.com
daorasuwa@moha.gov.np

वेबसाईट : https://daorasuwa.moha.gov.np

फेसबुक पेज : https://facebook.com/daorasuwa

ट्विटर : https://twitter.com/Rasuwadao

viber/imo/wechat/whatsapp : 9851277777

प्रमुख जिल्ला अधिकारी
९८५१२७७७७७

सहायक प्रमुख जिल्ला अधिकारी
९८५११६४४२२

**सल्लाहकार/संरक्षक:**

**ईश्वरी प्रसाद ढकाल**
**प्रमुख जिल्ला अधिकारी**

**सम्पादक समूह:**

**स.प्र.जि.अ., दुर्गा थापा के.सी.**
**ना.सु., विष्णु प्रसाद रिमाल**
**ना.सु., पूर्ण भण्डारी**
**क.अ., अशोक कुमार चौधरी**

**कम्प्युटर:**

**क.अ., अशोक कुमार चौधरी**

## जिल्ला प्रशासन कार्यालय, रसुवा

**परिचय:**

जिल्लाको शान्ति सुव्यवस्था र सुरक्षा कायम गर्ने गरी स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम वि.सं.२०२८ सालमा जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो । स्थानीय प्रशासन ऐन, २०२८ प्रारम्भ भएपछि प्रमुख जिल्ला अधिकारीको काम कर्तव्य र अधिकार कानूनी रुपमा व्यवस्थित गरिएको छ। जिल्लामा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्नु स्थानीय प्रशासनको मुख्य उद्देश्य हो । जिल्ला प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासन कायम गर्न आफ्नो मातहतका कारागार कार्यालय, सुरक्षा निकायका रुपमा नेपाल प्रहरी, सशस्त्र प्रहरी वल र राष्ट्रिय अनुसन्धान विभाग अन्तर्गत जिल्ला स्थित कार्यालय लगायतका स्थानीय तहका निकायहरु क्रियाशील रहेका छन।

**दृष्टिकोण:**

नेपालको संविधान तथा प्रचलित कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्ने गरी कार्य गर्नु गृह प्रशासनको दृष्टिकोण भए अनुरुप सोही दृष्टिकोण पूरा गर्न जिल्ला प्रशासन कार्यालयको स्थापना भएको हो ।

**लक्ष्य:**

जिल्लामा जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति व्यवस्था र सुरक्षा प्रदान गर्नु समेत यस कार्यालयको लक्ष्य रहेको छ।

**उद्देश्य:**

जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु यस कार्यालयको मूलभूत उद्देश्य हो।

## प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने, नागरिकता वितरण, राहदानी सिफारिस, संकलन तथा वितरण गर्ने, स्थानीय प्रशासन सम्बन्धी कार्य गर्ने, विपद् व्यवस्थापन गर्ने, सुशासन कायम गर्ने, सार्वजानिक शान्ति विरुद्वका कसुरहरुमा अर्धन्यायिक निकायको रुपमा शुरु कारवाही र न्यायिक निर्णय गर्ने साथै विकास व्यवस्थापनमा समन्वय, सहजीकरण गर्ने लगायतका प्रमुख कार्यहरु यस कार्यालयका मुख्य-मुख्य कार्यहरु हुन् । यस कार्यालयबाट सम्पादित सम्पूर्ण कार्यहरुका बारेमा सरोकारवाला हरुलाई सु-सुचित गराई प्राप्त पृष्ठपोषणका आधारमा थप जनमैत्री सार्वजानिक प्रशासन सञ्चालनका लागि आ.व. ०७७।७८ को माघ-असारसम्मको कार्यसम्पादन अवस्था उल्लेख गरी अर्धबार्षिक विवरण समेटिएर ई-बुलेटिन, २०७८ प्रकाशन गरिएको छ । यो बुलेटिन तयारीको काममा संलग्न हुने सम्पादक समूहलाई विशेष धन्यवाद व्यक्त गर्दछु । आगामी दिनमा जिल्ला प्रशासन कार्यालयले सम्पादन गरेका गतिविधिहरुका साथै जिल्लास्थित सरकारी निकायहरुबाट भएका असल अभ्यासहरुलाई समेत समावेश गरी नियमित रुपमा अर्धवार्षिक बुलेटिन प्रकाशन गरिनेछ। सेवाग्राही तथा अन्य सरोकारवाला व्यक्ति/निकायबाट प्राप्त सुझावका आधारमा बुलेटिनमा समावेश गर्नुपर्ने विषयवस्तुहरु निर्धारण गरिने भएकोले आवश्यक पृष्ठपोषणका लागि सम्वद्ध पक्षहरुमा हार्दिक अनुरोध गर्दछु।



**ईश्ववरी प्रसाद ढकाल**
**प्रमुख जिल्ला अधिकारी**

## जिल्ला प्रशासन कार्यालय, रसुवाबाट सम्पादन हुने कार्यहरुः

१ जिल्लामा शान्ति व्यवस्था र सुरक्षा कायम राख्ने ,
२ नागरिकता प्रमाणपत्र वितरण गर्ने,नागरिकता प्रमाण पत्रको प्रतिलिपि उपलब्ध गराउने,
३ MRP को फर्म संकलन, सिफारिस र वितरण,
४ नाबालक परिचयपत्र वितरण,
५ नाता सम्बन्ध कायम,
६ आन्तरिक सुरक्षासम्बन्धी नीति, योजना तथा स्थानीय स्तरमा कार्यक्रमको कार्यान्वयन,
७ हातहतियार र खरखजानाको इजाजत पत्र वितरण, नामसारी, नविकरण,
८ बिस्फोटक पदार्थ पट्काउने सम्बन्धी इजाजत पत्र वितरण नियमन र नियन्त्रण,
९ विदेशी नागरिकको जिल्लामा उपस्थिति र गतिविधिको नियमन,
१० सवारी साधन सञ्चालन सम्बन्धी कानूनको कार्यान्वयन,
११ गैरसरकारी संघ, संस्था दर्ता, नविकरण र नियमन,
१२ स्थानीय प्रशासनको सञ्चालन,
१३ बाल कल्याण तथा बाल अधिकारको संरक्षण,
१४ भ्रष्टाचार नियन्त्रण,
१५ कार्यालय निरीक्षण तथा अनुगमन/सुशासन कायम,
१६ कल्याण धन र बेवारिसे धनको व्यवस्थापन,
१७ चिठ्ठा, जुवा आदीको नियन्त्रण, नियमन,
१८ सार्वजनिक स्थानमा अवाञ्छनीय व्यवहारको रोकथाम, मादक पदार्थ सेवन र अवैध बिक्री वितरण नियन्त्रण, कालाबजारी नियन्त्रण लगायत कानूनले तोकेको मुद्दाको शुरु कारवाही र किनारा,
१९ विपद् व्यवस्थापन,
२० जिल्ला स्तरमा सार्वजनिक उत्सव संचालनमा समन्वय, सुरक्षा व्यवस्था कायम,
२१ मु-आब्जा निर्धारण/वितरण,
२२ पुरस्कार तथा सजाय सम्बन्धी कारवाही र सिफारिस,
२३ जिल्ला भित्र रहेको नेपाल सरकारको सबै सम्पतिको रेखदेख, सम्भार तथा मर्मत गराउने,
२४ लागू औषध नियन्त्रण र प्रशासन,
२५ जिल्ला स्थित कारागारको व्यवस्थापन,
२६ जिल्ला भित्र बजार अनुगमन, नियमन तथा नियन्त्रण,अत्यावश्यक वस्तु तथा सेवाको आपूर्ति व्यवस्थापन,
२७ द्वन्द्व प्रभावितको पहिचान तथा राहत वितरण,
२८ जिल्ला स्तरमा नेपाल प्रहरी र सशस्त्र प्रहरीको परिचालन र प्रयोग,
२९ राष्ट्रिय अनुसन्धानसँगको समन्वय सूचना संकलन र विश्लेषण,
३० जिल्लामा सञ्चालित विकास निर्माण कार्यमा सहयोग/समन्वय,
३१ हिंस्रक जन्तु नियन्त्रण लिने/मार्ने ,
३२ सरकारी वा सार्वजनिक जग्गामा घर बनाएमा रोक्का गर्ने र भत्काउने,
३३ तिब्बतीयन शरणार्थी परिचय–पत्र नविकरण,
३४ अन्तर्राष्ट्रिय सीमा प्रशासन ।
३५ न्याय सम्पादन सम्बन्धी कार्य
३६ निर्वाचन सम्बन्धी गृह मन्त्रालय र निर्वाचन आयोगको आदेश/निर्देशन कार्यान्वयन

## स्वीकृत दरबन्दी

| | |
|---|---|
| उपसचिव, रा.प.द्वितीय(प्र./सा.प्र.) | - १ |
| शाखा अधिकृत, रा.प.तृतीय(प्र./सा.प्र.) | - १ |
| नायब सुब्बा,रा.प.अनं.प्रथम(प्र./सा.प्र.) | - ४ |
| लेपापाल, रा.प.अनं.प्रथम(प्र./लेखा) | - १ |
| कम्प्युटर अपरेटर, रा.प.अनं.प्रथम(प्र./सा.प्र.) | - २ |
| खरिदार, रा.प.अनं.द्वितीय(प्र./सा.प्र.) | - ४ |
| हलुका सवारी चालक, श्रेणी विहीन | - १ |
| कार्यालय सहयोगी, श्रेणी विहीन | - ६ |
| जम्मा दरबन्दी संख्या | - २० |

**प्रमुख जिल्ला अधिकारी**
रा.प.द्वितीय(प्र./सा.प्र.)- १

निजि सहायक,
खरिदार,रा.प.अनं.द्वितीय(प्र./सा.प्र.)- १
ह.स.चा., श्रेणी विहीन -१
का.स., श्रेणी विहीन -१

**सहायक प्रमुख जिल्ला अधिकारी**
रा.प.तृतीय(प्र./सा.प्र.)- १

**नागरिकता तथा प्रतिलिपि शाखा**
नायब सुब्बा -१
कम्प्युटर अपरेटर -१
खरिदार-१
कार्यालय सहयोगी-१

**आर्थिक प्रशासन शाखा**
लेखापाल-१
कार्यालय सहयोगी -१

**राहदानी तथा जिन्सी दर्ता शाखा**
नायब सुब्बा -१
कम्प्युटर अपरेटर -१
खरिदार-१
कार्यालय सहयोगी-१

**गुनासो सुनुवाई तथा अभिलेख व्यवस्थापन शाखा**
नायब सुब्बा -१
खरिदार-१
कार्यालय सहयोगी-१

**स्थानीय प्रशासन, मुद्दा, शान्ति सुरक्षा शाखा**
नायब सुब्बा -१
कार्यालय सहयोगी-१

## कार्यरत कर्मचारी र सम्पर्क विवरण:

| क्र.सं. | नाम,थर | पद | स्थायी ठेगाना | मोवाईल नं. | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री ईश्वरी प्रसाद ढकाल | प्रमुख जिल्ला अधिकारी | स्याङ्जा | ९८५१२७७७७७ | |
| २ | श्री दुर्गा थापा के.सी. | स.प्र.जि.अ. | नुवाकोट | ९८५११६४४२२ | |
| ३ | श्री विष्णु प्रसाद रिमाल | नायब सुब्बा | नुवाकोट | ९८४१८१४२१५ | |
| ४ | श्री पूर्ण भण्डारी | नायब सुब्बा | गुल्मी | ९८५११५४५२४ | |
| ५ | श्री अशोक कुमार चौधरी | कम्प्युटर अपरेटर | उदयपुर | ९८५१३००६१२ | |
| ६ | श्री सम्झना बि.क. | विवरण दर्ता अपरेटर | रसुवा | ९८६९२४६१४८ | राष्ट्रिय परिचयपत्र |
| ७ | श्री रामशरण आचार्य | हलुका सवारी चालक | रसुवा | ९८५११३१६८२ | |
| ८ | श्री चेतनाथ भट्ट | कार्यालय सहयोगी | रसुवा | ९७४१०८६३५८ | |
| ९ | श्री झवराज न्यौपाने | कार्यालय सहयोगी | रसुवा | ९८४१०८४७१९ | |
| १० | श्री सुरेश पुडासैनी | कार्यालय सहयोगी | नुवाकोट | ९८४९१६३२७८ | |
| ११ | श्री पोष प्रसाद न्यौपाने | कार्यालय सहयोगी | रसुवा | ९८४३१२६५१३ | |
| १२ | श्री अम्बिका देवकोटा | कार्यालय सहयोगी | रसुवा | ९८६०८०६३९८ | |
| १३ | श्री सुस्मिता पौडेल | फारम भर्ने सहयोगी | रसुवा | ९८६१४८६५३९ | राष्ट्रिय परिचयपत्र |

## कार्यालयका शाखा र शाखा प्रमुखः

| क्र.सं. | शाखाको नाम | शाखा प्रमुख | सम्पर्क न. | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|
| १. | स्थानीय प्रशासन, मुद्दा तथा शान्ति सुरक्षा शाखा | बिष्णु प्रसाद रिमाल | ९८४१८१४२१५ | **दुर्गा थापा के.सी.** स.प्र.जि.अ. ९८५११६४४२२ |
| २. | राहदानी तथा जिन्सी दर्ता शाखा | पूर्ण भण्डारी | ९८५११५४५२४ | |
| ३. | नागरिकता तथा प्रतिलिपि शाखा | बिष्णु प्रसाद रिमाल | ९८४१८१४२१५ | |
| ४. | गुनासो सुनुवाइ तथा अभिलेख व्यवस्थापन शाखा/कम्प्युटर | अशोक कुमार चौधरी | ९८५१३००६१२ | |
| ५ | आर्थिक प्रशासन शाखा | दिपक अधिकारी | ९८४१८९९९०८ | |

## सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि |
|---|---|---|---|
| १ | वंशजको आधारमा नेपाली नागरिकताको प्रमाण पत्र वितरण | रु.१०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| २ | नागरिकताको प्रतिलिपि वितरण | रु.१५/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ३ | वैवाहिक अंगिकृत नागरिकताको प्रमाण पत्र वितरण | रु.१०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ४ | राहदानी (MRP) | रु.२,५००/–नाबालक(५ वर्ष)<br>रु.५,०००/– साधारण<br>रु.१०,०००/(हराएको, च्यातिएको) | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ५ | द्रुत सेवा अभिलेख प्रमाणित | नि:शुल्क | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ६ | राहदानी वितरण | नि:शुल्क | तुरुन्त |
| ७ | गुनासो वा ठाडो उजुरी | रु.१०/– को टिकट | यथाशीघ्र |
| ८ | नाम,थर उमेर आदी प्रमाणित | रु.१०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ९ | नाबालकको उमेर प्रमाणित | रु.१०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १० | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | रु.१०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| ११ | नयाँ संस्था दर्ता | रु.१,०००/– | प्रक्रिया पुगे पश्चात |
| १२ | संस्था नविकरण | असोज महिनासम्म रु.५००/-<br>चैत्र महिनासम्म रु.१०००/-<br>असार मसान्तसम्म रु.१५००/- | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १३ | संस्थाको विधान संशोधन | १०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १४ | पत्रपत्रिका दर्ता | दैनिक १,०००/–<br>साप्ताहिक ५००/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |

| क्र.सं. | प्रदान गरिने सेवा | लाग्ने दस्तुर रु | लाग्ने अवधि |
|---|---|---|---|
| | | पाक्षिक ३००/– <br> मासिक २००/– | |
| १५ | छापाखाना दर्ता | १,०००/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १६ | हातहतियार नामसारी | १,०००/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १७ | हा.ह. जिल्ला भित्रको नविकरण | १५०/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १८ | हा.ह. नेपाल भरिको नविकरण | ३००/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| १९ | नाम,थर जन्म मिति संशोधन | १०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| २० | नाता प्रमाणित | १०/– को टिकट | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| २१ | क्षतिपूर्ति एवम् राहत वितरण | १०/– को टिकट | प्रक्रिया पुऱ्याएर |
| २२ | सार्वजनिक अपराध सम्बन्धी मुद्दा | १०/– को टिकट | कानून वमोजिम |
| २३ | अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा | १०/– को टिकट | यथाशीघ्र |
| २४ | अन्य मुद्दा | १०/– को टिकट | यथाशीघ्र |
| २५ | तिब्बतीयन शरनार्थी परिचयपत्र नविकरण | रु. ५००/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |
| २६ | विष्फोटक पदार्थ ईजाजत–पत्र | निःशुल्क | यथाशीघ्र |
| २७ | विष्फोटक पदार्थ ईजाजत–पत्र नविकरण | रु. ५०/– | प्रकृया पुगे सोही दिन, नभए प्रकृया पुगेको दिन |

## यस अवधिमा सम्पादित मुख्य-मुख्य कार्य प्रगति विवरणः

| क्र. सं. | सम्पादन गरेको काम | | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | नागरिकता वितरण | बंशज | ४०६ | |
| | | वैवाहिक अंगिकृत | ० | |
| | | प्रतिलिपि | ३७९ | |
| २ | राहदानी (MRP) | सिफारिस द्रुत | ३४० | |
| | | वितरण | १३५ | |
| ३ | गुनासो वा ठाडो उजुरी | | ६ | सबै समयमा नै फर्छ्यौट भएको |
| ४ | नाम,थर, उमेर आदी प्रमाणित | | ३ | |
| ५ | नाबालक परिचयपत्र | नयाँ वितरण | ६ | |
| | | प्रतिलिपि | ० | |
| ६ | पारिवारिक पेन्सन, शपथ पत्र र रहलपहल सम्बन्धी सिफारिस | | ० | |
| ७ | संघसंस्था | नयाँ दर्ता | २९ | |
| | | नविकरण | १३ | |
| | | विधान संशोधन | ० | |
| ८ | पत्रपत्रिका दर्ता | | ० | |
| ९ | हातहतियार सम्बन्धी | नामसारी | ० | |

| क्र. सं. | सम्पादन गरेको काम | | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | नविकरण (जिल्ला भित्र) | ४ | |
| | | नविकरण (जिल्ला भित्र) | ० | |
| १० | विष्फोटक पदार्थ सम्बन्धी | नयाँ इजाजतपत्र | ० | |
| | | इजाजतपत्र नविकरण | १६ | |
| ११ | सार्वजनिक अपराध सम्बन्धी | नयाँ मुद्दा दर्ता | २२ | |
| | | मुद्दा फैसला | २ | |
| १२ | संयुक्त बजार अनुगमन | | ५ | |
| १३ | राष्ट्रिय परिचयपत्र | विवरण दर्ता/संकलन | ११३४ | |
| | | वितरण | १० | |
| १४ | बैठक | जिल्ला विपद् व्यवस्थापन समिति | २ | |
| | | जिल्ला सुरक्षा समिति | २८ | |
| | | जिल्लास्तरीय कोभिड संकट व्यवस्थापन केन्द्र(DCCMC) | १८ | |
| | | जग्गा मुआब्जा/क्षतिपूर्ति सम्बन्धी | ५ | |
| | | कार्यालय प्रमुख | ३ | |
| | | सूचना अधिकारी | ३ | |
| | | स्टाफ मिटिङ | ६ | |
| | | विविध | २ | |
| १५ राजश्व संकलन विवरण | | | | |
| १५ | राहदानी वापत | | ४,६००.०० | |
| | अन्य प्रशासनिक सेवा (संघसंस्था दर्ता/नविकरण) | | १,२४,२००.०० | |
| | हातहतियारको इजाजत पत्र | | ४,७००.०० | |
| | सरकारी सम्पत्तिको बिक्रीबाट | | ० | |
| | परीक्षा दस्तुर | | ४,६००.०० | |
| | प्रशासनिक दण्ड जरिवाना जफत | | २,३००.०० | |
| | अन्य राजश्व | | ५००.०० | |
| | धरौटी सदर स्याहा | | ० | |
| कूल जम्मा | | | १,४०,९००.०० | |
| १६ धरौटी विवरण | | | | |
| १६ | मुद्दा धरौटी | | १,४७,०००.०० | |
| | अन्य | | | |
| कूल जम्मा | | | १,४७,०००.०० | |


## अन्तर जिल्ला समन्वय बैठक


मिति २०७७।०९।१० गते जिल्ला सुरक्षा समिति, रसुवाको समन्वयमा जिल्ला प्रशासन कार्यालय, नुवाकोटका प्रमुख जिल्ला अधिकारी, झंकनाथ ढकालज्यूको नेतृत्वमा जिल्ला सुरक्षा समिति, नुवाकोटका पदाधिकारीहरु र जिल्ला प्रशासन कार्यालय, रसुवाका प्रमुख जिल्ला अधिकारी, श्री हरि प्रसाद पन्तज्यूको नेतृत्वमा जिल्ला सुरक्षा समिति, रसुवाका पदाधिकारीहरुको उपस्थिति/सहभागिमा रसुवा जिल्लाको उत्तरगया गाउँ कार्यपालिका, खाल्टेवगर, लहरेपौवाको सभाहलमा अन्तर जिल्ला समन्वय बैठक सम्पन्न भएको । बैठकमा प्रभावकारी विपद् व्यवस्थापन, सिमावर्ती क्षेत्रको सुरक्षा व्यवस्थापन सम्बन्धमा, नदीजन्य पदार्थको अवैध उत्खन्न, वन पैदावार तथा वन्यजन्तुको अवैध ओसारपसार, मावन बेचविखन, लागू पदार्थ ओसारपसार, तस्करी लगायत संगठित अपराध, कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण, राजमार्ग सुरक्षा र सवारी आवागमन व्यवस्थापन सम्बन्धी कार्यमा सहकार्य गर्ने निर्णय भएको र सोही अनुरुप निर्णय कार्यान्वय भईरहेको छ ।

## जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रका क्रियाकलाप

कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रण एवम् संक्रमितहरुको औषधी/उपचार लगायतका कार्यहरु छिटो छरितो रुपले व्यवस्थापन गरी यस सम्बन्धी कार्यलाई प्रभावकारी, मितव्ययी र नतिजामुलक बनाउने उद्धेश्यले गृह मन्त्रालयबाट कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि प्राप्त निर्देशन, संरचना र कार्यक्षेत्र भित्र रही कार्य गर्ने जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र, रसुवा (District Crisis Management Center-DCMC, Rasuwa) गठन भई सञ्चालनमा आएको छ । सो केन्द्रबाट प्राप्त कार्यदिशा र निर्देशनहरु यथाशीघ्र कार्यान्वयन गर्दै दैनिक रुपमा कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रण एवम् संक्रमितहरुको औषधी उपचार लगायतका कार्य सम्बद्ध रणनीति निर्माण गर्न एवम् कार्य सञ्चालनका लागि बैठक बसी केन्द्रमा नियमित प्रतिवेदन गर्ने व्यवस्था मिलाईएको छ । तोकिएको अवधिमा DCCMC, Rasuwa को १० पटक बैठकहरु बसी महत्वपूर्ण निर्णयहरु गरी कार्यान्वयन भई रहेको छ ।

कोभिड-१९ संक्रमण, रोकथाम तथा नियन्त्रणका लागि समय समयमा सूचनाहरु जारी गरिएको तथा जिल्लाबासीहरु आफू सुरक्षित रहँदै जारी आदेश तथा अनुरोधको पूर्ण पालना गरी सहयोग गर्दै आउनु भएको छ । साथै, कोभिड-१९ संक्रमण, रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहहरु र सो अन्तर्गतका निकाय तथा कार्यालयहरु, स्वास्थ्यकर्मीहरु, जिल्लास्थित सुरक्षा निकायहरु, नागरिक समाज, राजनीतिक दल, जनप्रतिनिधिहरु, कर्मचारीहरु स्वयंसेवी संस्थाहरु, सञ्चार जगत समेतबाट भएको प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग हुँदै आएको छ ।कोभिड-१९ सम्बन्धी दैनिक विवरण गृह मन्त्रालयको दैनिक प्रतिवेदन प्रणाली र कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा अनलाईन अपडेट गर्ने गरेको छ ।



## आ.व..०७७।७८ का लागि यस कार्यालयबाट तयार गरिएका मुख्य-मुख्य कार्ययोजनाहरु

- जिल्ला दररेट, २०७८, रसुवा।
- जिल्ला प्रशासन कार्यालय, रसुवाको वार्षिक कार्ययोजना, २०७८।
- Crime map सहितको एकीकृत रणनीतिक जिल्ला सुरक्षा योजना, २०७८।
- दशै, तिहार, छठ चाडपर्व केन्द्रित विशेष सुरक्षा योजना, २०७८।
- सडक(राजमार्ग) मा हुने अवरोध हटाउने सम्बन्धी जिल्ला कार्यान्वयन कार्ययोजना, २०७८।
- मनसुन आपतकालिन कार्ययोजना, २०७८।
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(DPRP), २०७८।
- विपद् सचेतना सम्बन्धी कार्यविधि, २०७८।
- सरकारी सवारी साधनहरुको सदुपयोग सम्बन्धी कार्यविधि, २०७८।
- लागू औषध दुर्व्यसन नियन्त्रण कार्ययोजना, २०७८।

## सम्बन्धित प्रमुख ऐन, नियमहरुः

- स्थानीय प्रशासन ऐन, २०२८
- मुलुकी अपराध संहिता, २०७४
- नेपाल नागरिकता ऐन, २०६३
- विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४
- लागु औषध(नियन्त्रण) ऐन, २०३३
- हातहतियार तथा खरखजना ऐन, २०१८
- आवश्यक पदार्थ नियन्त्रण(अधिकार) ऐन, २०१७
- आवश्यक वस्तु संरक्षण ऐन, २०१२
- भ्रष्टाचार नियन्त्रण ऐन, २०५९
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
- राहदानी ऐन, २०२४
- सार्वजनिक सुरक्षा ऐन, २०४६
- संस्था दर्ता ऐन, २०३४
- उपभोक्ता संरक्षण ऐन, २०५४
- जग्गा प्राप्ति ऐन, २०३४
- विवाह दर्ता ऐन, २०२८
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५
- नेपाल नागरिकता नियमावली, २०६३
- राहदानी नियमावली, २०६७
- संस्था दर्ता नियमावली, २०३४
- हातहतियार तथा खरखजना नियमावली, २०२८
- सुशासन(व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५
- विपद् जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति, २०६६
- नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६८
- विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०६८
- प्रकोप पीडित उद्दार र राहत सम्बन्धी मापदण्ड, २०६४
- गृह मन्त्रालय र अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०६९
- गृह प्रशासन सुधार कार्ययोजना योजना, २०७४
- जिल्ला प्रशासन सुधार कार्ययोजना, २०७५
- जिल्ला प्रशासन कार्यालय, रसुवाको वार्षिक कार्ययोजना, २०७७


## जिल्ला प्रशासन कार्यालयको अन्य विवरण तस्वीरमा











MINISTRY OF HOME AFFAIRS
SINGH DURBAR, KATHMANDU
CITIZENSHIP MANAGEMENT INFORMATION SYSTEM
कार्यालय : जिल्ला प्रशासन कार्यालय, रसुवा, प्रयोगकर्ताको किसिम : जिल्ला प्रशासन कार्यालय
नयाँ नागरिकता पुरानो नागरिकता प्रतिलिपि सिफारिस गर्नेको विवरण टोली अन्य सेवा प्रतिवेदन सहयोग केन्द्रको सूची स्वागतम , अशोक कुमार चौधरी ( लग आउट ) 2077-10-10 04:35 PM ,In English
वंशज अंगिकृत जन्मसिद्ध सम्मानार्थ सबै नागरिकताको सुची
नयाँ थप्नुहोस सुची
सामान्य विवरण कर्मचारी परिवार बिदेश जन्म
निर्णय मिति : (बि.सं) (ई.सं)
नाम (नेपालीमा) :
नाम (अङ्ग्रेजीमा) :
लिङ्ग : ---लिङ्ग छान्नुहोस्---
नागरिकताको आधार : बाबु आमा श्रीमान संरक्षक
Choose File No file chosen
जन्म विवरण
सफा गर्नुहोस
जन्म मिति : (बि.सं) (ई.सं) उमेर :
जन्म जिल्ला : RASUWA-रसुवा गा.पा./न.पा. : ---गा.पा./न.पा. छान्नुहोस्--- वडा नं. :
जन्म ठेगाना स्थाईमा सार्नुहोस
स्थायी जिल्ला : RASUWA-रसुवा गा.पा./न.पा. : ---गा.पा./न.पा. छान्नुहोस्--- वडा नं. : टोल/गाउँ : नेपालीमा
बाबुको विवरण आमाको विवरण पति/पत्नीको विवरण संरक्षकको विवरण
बाबुको नाम(नेपालीमा) :
सफा गर्नुहोस
बाबुको नाम(अङ्ग्रेजीमा) :
नागरिकता नं. : नागरिकता किसिम : Heridatory-वंशज
ठेगाना जिल्ला : RASUWA-रसुवा गा.पा./न.पा. : ---गा.पा./न.पा. छान्नुहोस्--- वडा नं. :


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय , रसुवा
दैनिक प्रतिवेदन प्रणाली
जि.प्र.का रसुवा
प्रतिवेदनहरु
१ . महामारी
२ . शान्ति सुरक्षा
३ . अपराध नियन्त्रण
४ . सार्वजनिक सेवा प्रवाह
५ . विपद् तथा द्वन्द व्यवस्थापन
६ . न्यायिक कार्यहरु
७ . उपभोक्ता हित संरक्षण
८ . समन्वय तथा सहजिकरण
देखि 2077-10-10
सम्म 2077-10-10
फाराम
Search
# नाम रिपोर्ट कार्यहरु


नागरिकता गुनासो दर्ता प्रणाली
प्रयोगकर्ता पुस्तिका भाषा अफिस एडमिन
१४३ अनुरोधहरु
१३१ समाधान भएको
२ अस्वीकृत
२ प्रशोधन/अनुसन्धान गरिदै
० नहेरिएको
१ हेरिएको
० असम्बन्धित
० रि-ओपन गरिएको
स्थिति अनुसार तथ्याङ्क
नहेरिएको हेरिएको प्रशोधन गर्दै समाधान भएको असम्बन्धित रि-ओपन गरिएको अस्वीकृत
साप्ताहिक तथ्याङ्क
अनुरोधहरु
६ दिन पहिले ५ दिन पहिले ४ दिन पहिले ३ दिन पहिले २ दिन पहिले १ दिन पहिले आज


जिल्ला प्रशासन कार्यालय, रसुवा
समस्याको रिपोर्ट गर्नुहोस ENGLISH अशोक कुमार चौधरी मेनु
पृष्ठहरु
सूचना
परिपत्र 5
एस.एम.एस
कर्मचारीहरु
प्राप्त परिपत्रहरू
जिल्ला प्रशासन कार्यालय, गुल्मी 52 मिनेट अगाडी
स्वत प्रकाशन (Proactive Disclosure) २०७७ कार्तिक देखि पौष मसान्त सम्मको गुल्मी
For : जिल्ला प्रशासन कार्यालय, रसुवा 1 File/s
21 घण्टा अगाडी


सुझाव
पेटिका
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धुन्चे, रसुवा
बागमती प्रदेश
सुचना अधिकारी/गुनासो सुन्ने अधिकारी
नाम, थर : दुर्गा थापा के.सी.
पद : सहायक प्रमुख जिल्ला अधिकारी
फोन नं. : ०१०-५४०१३१
मोवाइल नं. : ९८५११६४४२२
इमेल : rasuwadao@gmail.com
daorasuwa@moha.gov.np


नागरिक सहायता कक्ष
Citizen Help Desk
जिल्ला प्रशासन कार्यालय, रसुवा


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, रसुवा
नागरिक बडापत्र(CITIZEN CHARTER)


13:08 जिल्ला प्रशासन कार्यालय 9°C
लना गर्नुहुन । कार्यालय प्रवेश गर्नु अ




नेपाल टेलिकम


गर्भवती र नव आमाका लागि
आराम तथा स्तनपान कक्ष
Breast Feeding Room
कृपया:- भित्र प्रवेश गर्नु अगाडी ढोका ढकढकाउनु होला ।
Please Knock the door before entering




जिल्ला प्रशासन कार्यालय
रसुवा











